जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ | अंक १९३ | २०८१ साल फागुन १७ गते शनिबार (1 Mar. 2025 Saturday) | मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : संसारकै लामो धार्मिक पदयात्रा ... ३ पृष्ठमा : ग्रामीण बस्ती सडक ... ३ पृष्ठमा : मार्चदेखि चीनलाई थप ...

## सप्तरीवासीलाई गणतन्त्र देशको पहिलो राष्ट्रपति हुनबाट मधेशवादी दलले नै बञ्चित गराए : प्रचण्ड



**दैनिक समाचारदाता**
**राजविराज, १६ फागुन ।**

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल "प्रचण्ड" ले सप्तरीवासी गणतन्त्रवादी नेता रामराजा प्रसाद सिंहलाई गणतन्त्र देशको पहिलो राष्ट्रपति हुनबाट मधेशवादी दलले नै बञ्चित गराएको आरोप लगाएका छन् ।

जनतासँग माओवादी हुलाकी राजमार्ग केन्द्रित मधेश जागरण अभियानका क्रममा शुक्रवार राजविराज आईपुगेका अध्यक्ष दाहालले कार्यक्रमलाई सम्बोधन गर्दै यस्तो आरोप लगाएका हुन् ।

"मधेशको सम्मानका लागि सप्तरीवासी गणतन्त्रवादी नेता रामराजा प्रसाद सिंहलाई देशको पहिलो राष्ट्रपति बनाउन चाहेको तर मधेशवादी दलकै कारण त्यसमा सफल हुन सकिएन् ।" सम्बोधनका क्रममा उनले भने, "मधेश आन्दोलन र मधेशवादी दल भनिने पार्टीहरु विस्तारै विघट्न तिर गइरहेका छन् ।"

पूर्व प्रधानमन्त्री समेत रहेका अध्यक्ष दाहालले मधेशलाई आत्मसम्मान र पहिचान दिने कामको जिम्मा हामीले लिनु पर्छ भन्ने आवश्यकता महसुस गरेर जागरण अभियान लिएर मधेश आएको उल्लेख गरे ।

जनतासंग गरेको 'कमिटमेन्ट' पुरा गर्न नसकेको बताउदै उनले देशको परिस्थितिलाई हेर्दा मधेशवादी दलहरु विसर्जन तिर गएको जिकिर समेत गरे । "मधेशवादी दलले जनतासँग गरेको 'कमिटमेन्ट' पुरा गर्ने स्थितिमा छैन् । मधेशमा जागरण ल्याउने जिम्मेवारी माओवादी केन्द्रले लिनुपर्ने अवस्था छ" उनले भने, "मधेशवादी भनिने दलहरुले गरिरहेको क्रियाकलाप प्रतिक्रियावादी छ ।"

जबसम्म माओवादी आन्दोलन र मधेशको जनसमुदाय एक ठाउँमा केन्द्रित हुँदैन तव सम्म हामीले प्राप्त गरेको उपलब्धिको रक्षा नहुने खतरा रहिरहने उनको भनाई थियो । "देश अस्थिरता, अराजकता र आर्थिक रुपले कुचक्रमा फस्ने खतरा छ । त्यसको आवश्यकता महसुस गरी तराई मधेशका जनतासँग सम्बन्ध सुदृढ गर्नु पर्दछ भन्ने आवश्यकत महसुस गरेर जागरण अभियानमा संचालन गरिएको हो " उनले भने ।

सम्बोधन कै क्रममा मधेशका जिल्लाहरुमा माओवादी पार्टी भित्र गुटवन्दी रहेकोले कार्यकर्ताहरुलाई गुटवन्दी त्यागेर एकजुट हुन नेता कार्यकर्तालाई निर्देशन समेत दिए । अभियानले मात्र मधेशमा धेरै परिणाम दिन नसक्ने बताउँदै उनले एक जुट हुन सबैसाग आग्रह पनि गरे ।

यस्तै नेकपा माओवादीका बरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले सरकारमा हुँदा सुशासन विरुद्ध अभियान चलाएकोले भ्रष्टाचारीहरुको रक्षा गर्न आफूहरुलाई सरकारबाट फालिएको दावी गरे । उनले अहिलेको सरकारले दुई दले बहुदलिय व्यवस्था ल्याउन लागेको आरोप लगाउँदै समावेशीकरणलाई घटाउने गरी संविधान संशोधन गर्न नदिन आफ्नो पार्टी खवरदारीमा लागेको बताए ।

नेकपा माओवादी केन्द्र सप्तरीले आयोजना गरेको कार्यक्रममा उपाध्यक्ष अग्नि सापकोटा, महासचिव देव गुरुङ्ग, उपमहासचिव जनार्दन शर्मा, केन्द्रिय नेतृ पम्पा भुसाल, मधेश प्रदेश इन्चार्ज मातृका प्रसाद यादव, नेपाल समाजवादी पार्टीका अध्यक्ष महेन्द्र राय यादव, पूर्व निर्वाचन आयुक्त डा. अयोधी प्रसाद यादव, मुस्लिम अगुवा गणी अन्सारी, पत्रकार महासंघ सप्तरीका सभापति श्रवण देव, जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साह, रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादव लगायतले पनि बोल्दै अभियान सफलताको शुभकामना र आ-आफ्ना सुझाव राखेका थिए ।

यसैबीच माओवादी अध्यक्ष दाहालले जिल्लाको रुपनी गाउँपालिका वडा नं. ४ स्थित छपकी भथौलमा सालिक अनावरण तथा जनसभालाई सम्बोधन गरेका छन् ।

उनले नेकपा माओवादीमा लागेर सहिद भएका इन्द्रदेव विश्वासको सालिक अनावरण गरेका हुन् ।

## छिमेकीद्वारा पाँच वर्षिया बालिका बलात्कृत

**दैनिक समाचारदाता**
**राजविराज, १६ फागुन ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिका ७ की एक पाँच वर्षिया बालिकासँग छिमेकीले बलात्कार गरेको घटना बाहिरिएको छ ।

नातेदार कहाँ पुऱ्याईदिन्छु भन्दै छिमेकी १९ वर्षिय कुदुसले मोटरसाइकलमा लगेर बिच बाटोमा एकान्त स्थलमा पुऱ्याइ बलात्कार गरेको घटना बाहिरिएको हो ।

पीडित बालिकाको विगत तीन दिनदेखि स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार भइरहेको छ । पीडित बालिकाको गोप्य अंगबाट अत्याधिक रक्तश्राव भइरहेको अवस्थामा आफन्तले अस्पताल ल्याई पुऱ्याएका थिए । अस्पताल श्रोतका अनुसार प्रारम्भिक चरणमै उनीसँग बलात्कार भएको देखिएको थियो ।

उक्त अस्पताल परिसरमा संचालनमा रहेको "अस्पतालमा आधारित लैङ्गिक हिंसा सम्बन्धि एकद्वार संकट व्यवस्थापन केन्द्र" मा समेत स्वास्थ्य परिक्षण गराइएको छ । उक्त केन्द्रमा बालिकाको स्वास्थ्य परिक्षण र बयान कार्य सकाई रगत लगायतका बस्तु थप परिक्षणका लागि केन्द्रीय प्रयोगशाला काठमाडौं पठाइएको केन्द्रकी स्वास्थ्यकर्मी मनिषा सिम्खडाले बताईन । अत्याधिक रक्तश्रावका कारण शुरुमा बालिकाको स्वास्थ्य अवस्था जटिल भएपनि अहिले भने सुधार हुँदै गएको उनले जानकरी दिइन ।

घटना क्रम अनुसार फागुन १४ गते सिमावर्ती भारतीय क्षेत्रमा रहेका नातेदार विरामी पर्दा छिमेकी १९ वर्षिय कुदुसलाई त्यहाँसम्म पुऱ्याईदिन ती बालिकाकी आमाले आग्रह गरेका थिए । दश किलोमिटर टाढा रहेको आफन्तकहा पहिले छोरीलाई पुऱ्याइदिन्छु र त्यसपछि तपाईलाई लग्छु भन्दै दिउँसो मोटरसाइकलमा लिएर गएका छोरीलाई साझ पख भने बेहोस अवस्थामा ल्याएर घरमा छाडिदिएको बालिकाकी आमाले सुनाईन ।

***बाँकी अन्तिम पृष्ठमा***

## पूर्वप्रधानमन्त्री प्रचण्डलाई संघर्ष समितिको अनुरोध पत्र

**दैनिक समाचारदाता**
**राजविराज, १६ फागुन ।**

पुस्तौदेखि विटौरी र ब्लक जग्गामा बसोवास गर्दै आएका राजविराज नगरपालिकाका नागरिकको तर्फबाट गठित संघर्ष समितिले शुक्रवार पूर्व प्रधानमन्त्री एवम् नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई सहयोगका लागि आग्रह सहित अनुरोध पत्र बुझाएका छन् ।



जनतासँग माओवादी हुलाकी राजमार्ग केन्द्रित मधेश जागरण अभियानका क्रममा शुक्रवार राजविराज आईपुगेका उनलाई संघर्ष समितिले अनुरोध पत्र बुझाएका हुन् ।

संघर्ष समितिका संयोजक ईरसाद अन्सारीद्वारा बुझाइएको अनुरोध पत्रमा मुलुककै पुरानो मध्येका एक राजविराज नगरपालिकाको स्थापनाकालदेखि नै बसोवास गर्दै आएका ५ हजारभन्दा बढी नागरिकले अझै लालपुर्जा पाउन नसक्दा समस्यामा परेको उल्लेख छ ।

पत्रमा विटौरी रसिदका आधारमा भोगचलन गर्दै आएको उक्त जग्गालाई लालपुर्जा नहुँदा बैंक तथा वित्तिय संस्थाले धितो नराख्ने तथा अन्य विभिन्न वाधा व्यवधान उत्पन्न हुने गरेका

***बाँकी अन्तिम पृष्ठमा***

**अपाङ्गताका आधारमा हुने विभेदको अन्त्य गरौं**

- अपाङ्गता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गरौं,
- अपाङ्गताको आधारमा गरिने भेदभाव सार्वजनिक अपराध हो, यस्ता भेदभावको अन्त्य गरौं,
- सार्वजनिक निकायका पूर्वाधार र सेवा प्रवाह अपाङ्गमैत्री बनाऔं,
- सार्वजनिक बिद्युतीय सूचना प्रणाली र संचारलाई अपाङ्गतामैत्री बनाऔं,
- अपाङ्गताको आधारमा गरिने हरेक विभेद विरुद्ध खुलेर बोल्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### बसपार्क संचालनप्रति सम्बन्धीत निकाय गम्भिर बन्नु आवश्यक

राजविराजस्थित राजदेवी बसपार्क बारम्बार संचालनमा आउने भन्दै झुठो प्रचारबाजी गरिएको छ। तीन वर्ष अघि नै संचालनमा आउने झुठो प्रचारबाजी गरिएको थियो। तर, हालसम्म पनि निर्माण कार्य सम्पन्न हुन सकेको छैन्। बारम्बार निर्माण कार्य चाडै सम्पन्न भई संचालनमा आउने प्रतिबद्धता जनाएपनि सो प्रतिबद्धता अहिले चुनावी प्रतिबद्धता बनेको छ। जसरी नेताहरुले चुनावमा गर्ने गरेका प्रतिबद्धता हुन्छ त्यसरी नै बस पार्क संचालनमा आउने दर्जनौं पटक प्रतिबद्धता जाहेर भइसकेको छ।

नगरवासीले विगत दुई दशक भन्दा बढी समयदेखी बसपार्क संचालनको पखाईमा छन्। बसपार्कको पाँच/पाँच पटक शिलान्यास भईसकेको छ। तर, निर्माण कार्य अझै सम्पन्न हुन सकिरहेको छैन्। वर्षौदेखी नगरको मुख्य सडकमा धुलो उडाउँदै गरेका सवारी साधनहरु विकल्प नहुँदा सडक किनारमै पार्किङ्ग गर्ने र संचालन गर्दै आएका छन्। बस पार्क निर्माणको ठेक्का पाएको कम्पनीले समयमै निर्माण कार्य सम्पन्न गर्न नसक्दा यस्तो अवस्था आएको भन्दै सम्बन्धी निकायले आजसम्म पन्छिदै आएको छ।

तसर्थ यस्तो अवस्थामा बस पार्कको कार्य सम्पन्न गराउन स्थानीयले खबरदारीका साथै सम्बन्धीत निकाय तदारुकता देखाउन पनि उत्तिकै जरुरी छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# संसारकै लामो धार्मिक पदयात्रा मिथिला 'माध्यमिकी परिक्रमा' हुँदै

**अजयकुमार साह**

धनुषा, १६ फागुन (रासस)।

मिथिलाञ्चलका बहुचर्चित सांस्कृतिक उत्सव तथा संसारकै लामो धार्मिक पदयात्राका रुपमा चिनिने मिथिला परिक्रमा सुरु भएको छ। फागुन कृष्णपक्षको औँसीमा कचुरी मठबाट भगवान् राम र जानकीको डोलासहित परिक्रमा सुरु भएको हो। मिथिलाको ऐतिहासिक, पौराणिक र धार्मिक आस्थाको धरोहरका रुपमा रहेको परिक्रमा १५ दिनसम्म चल्नेछ।

बिहीबार राति धनुषाको हनुमाननगरमा विश्राम गरेर परिक्रमामा सहभागी साधुसन्त तथा श्रद्धालुहरु शुक्रबार बिहान पूजापाठ गरी भारत विहारको कल्याणेश्वर प्रस्थान गरेका छन्। फागुन औँसीका दिन धनुषाको ठेरा कचुरीबाट निस्कने मिथिला विहारीको डोला तथा जनकपुरको रत्नसागर र अग्निकुण्डबाट निस्कने किशोरीजीको डोला जानकी मन्दिर भएर जनकपुरको हनुमाननगर पुगेपछि माध्यमिकी परिक्रमाको विधिवत् रुपमा सुरुआत हुने परम्परा रहेको छ।

सनातन संस्कारमा महान घटनामध्ये रामायण हाम्रो देशमा पनि घटित भएको हो। रघुवंशीय रामले मिथिलाकी राजकुमारी सीतासँग लगनगाँठो कस्दाको इतिहास पवित्र मिथिला धामका गाउँ, चोक अनि चौतारीहरुमा अझै पनि भनिन्छ, कथिन्छ, गाइन्छ। जनक राजाको सिङ्गो राज्य अनि राजधानी मिथिलाको जनकपुर नेपालमै शोभायमान छ, जानकी मन्दिर नेपाली माटोबाट हरेक दिन मुस्कुराउँछ।

**मिथिला परिक्रमाको चर्चा**

त्रेतायुगबाट शुक्रबारसम्म पनि मिथिला परिक्रमाको चर्चा उत्तिकै महत्वका साथ पुस्तौंपुस्ता चलिआएको छ। यो परिक्रमाले रामायणका धेरैजसो पक्ष अनि तीसँग सम्बन्ध राख्ने स्थान र अवयवहरु छुने गर्दछ। मिथिला नगरमा वर्षमा कात्तिक, फागुन र वैशाखमा परिक्रमा हुने गर्दछ। यीमध्ये फागुनमा हुने परिक्रमाको महत्व असाध्यै छ। यस परिक्रममा एक सय ३३ किलोमिटरको पदयात्रामा नेपाल र भारतका विभिन्न स्थानका ठूलो सङ्ख्यामा साधुसन्त र गृहस्थ आश्रमका श्रद्धालुहरुको सहभागिता रहने गर्दछ। प्राचीन मिथिलाको राजधानी जनकपुरधामको अग्नीकुण्डबाट किशोरीजी अर्थात् माता जानकी र कचुरी मठबाट मिथिला विहारी भगवान रामचन्द्रको दुई प्रमुख डोलाको नेतृत्वमा मध्यमिथिला परिक्रमा विधिवत् रुपमा सुरु भएको छ।

फागुन औँसीका दिन धनुषाको ठेराकचुरीबाट निस्कने मिथिला विहारीको डोला तथा जनकपुरको रत्नसागर र अग्निकुण्डबाट निस्कने किशोरीजीको डोला जानकी मन्दिर भएर जनकपुरको हनुमाननगर पुगेपछि माध्यमिक परिक्रमाको विधिवत् रुपमा सुरुआत हुने परम्परा रहेको जानकी मन्दिरका छोटे महन्थ रामरोशन दास वैष्णवले बताउनुभयो। महाशिवरात्रिलगत्तै सुरु भएको मिथिलाको सर्वाधिक लोकप्रिय १५ दिने माध्यमिक परिक्रमाका कारण मिथिलाञ्चलमा फागुन महिना उल्लास एवं भक्तिमय हुने भएको छ। धार्मिक झाँकी, भजन कीर्तनसहित परिक्रमाको डोला जनकपुरबाट सुरु भई सीमावर्ती भारतीय गाउँ कलानेश्वर महादेवसम्म पुग्नेछ।

परिक्रमामा सहभागीहरु क्रमशः फुलहरको गीर्जास्थान हुँदै महोञ्रीको मटिहानी, जलेश्वर मडै ध्रुवकुण्ड, कञ्चनवन, पर्वता, धनुषाधाम, औरही, विशौल हुँदै पुनः कलानेश्वर र फागुन पूर्णिमाको जनकपुर फर्कने छ। मिथिला विहारीको नेतृत्वमा पारम्पारिक रुपले आयोजना हुँदै आएको यो परिक्रमामा हजारौं सहभागिता रहने यस धार्मिक यात्रालाई व्यावसायिक रुप दिन नसक्नु सरकारको कमजोरी रहेको जानकी मन्दिरका छोटे महन्थ रामरोशन दास वैष्णवले बताउनुभयो।

बिजुली, खानेपानीलगायतको व्यवस्था मिलाएको जानकारी परिषद्का अध्यक्ष शीतल साहले दिनुभयो। साहका अनुसार परिक्रमावासीहरु राति गाउँभन्दा टाढा खुला चौर, बगैंचा वा पोखरीको डिलमा विश्राम गर्छन्। स्थानीय बासिन्दाले पनि सहभागीहरुका लागि अन्न, दाउरा तथा परिक्रमामा सहभागी गोरुका लागि पराल समेत उपलब्ध गराउने गर्दछन्। सहभागीहरु दिनभरि यात्रा गर्छन् र भजनकीर्तन तथा सत्सँग गरेर रात बिताउँछन्।

मिथिलाका जानकार तथा मैथिलीका साहित्यकार रोशन जनकपुरीका अनुसार नेपाल-भारत दुवै मुलुकको धार्मिक सांस्कृतिक एवं पारम्परिक सदभावका प्रतीक बनेको परिक्रमा यात्रा नेपालको धनुषा र महोत्तरीको १३ तथा भारतको दुई गरी १५ विश्रामस्थलमा पुग्नेछ। मिथिला महात्मयमा यी विश्रामस्थलका पौराणिक एवं धार्मिक महत्वबारे छुट्टाछुट्टै प्रकाश पारिएकाले यी स्थलप्रति भक्तजनमा अटुट आस्था रहेको पाइन्छ।

मिथिला महात्म्यअनुसार १८औँ शताब्दीदेखि यो धार्मिक यात्रालाई माध्यमिकी परिक्रमाका रुपमा मनाइँदै आएको छ। यात्राका सहयात्रीले नेपालका एक सय सात एवं भारतको २६ गरी एक सय ३३ किलोमिटर भूमिका पैदलयात्रा तय गर्नेछन्। परिक्रमामा भारतको आयोध्या, मथुरा, हरिद्वार, दरभंगहा, सीतामढी, वैजनाथ धामका साधुहरु उल्लेख्य रुपमा सहभागिता हुने गर्दछ। परिक्रमामा सहभागी हुनाले मन, वचन र कर्मले भएका पाप तथा अन्याय नष्ट भएर मनोकामना पूरा हुने तथा मोक्षप्राप्ति हुने धार्मिक मान्यता रहेको कुरा पण्डित इन्द्रकान्त झाले बताउनुभयो।

मिथिला महात्मयमा माध्यमिकी परिक्रमा गर्न नसक्नेहरुले छोटो दूरीको अन्तः गृह परिक्रमा गर्नुपर्ने कुरा उल्लेख गरिएको छ। अन्तःगृह परिक्रमाको सीमा क्षेत्र जनकपुर नगरपालिकाभित्र पर्दछ। प्राचीन मिथिलाको राजधानी जनकपुरको चारैकुनामा स्थापना भएका चार शिवालय कलानेश्वर जलेश्वर, क्षीरेश्वर र सप्तेश्वरनाथलाई आधार मानी परिक्रमा गर्ने परम्परा रहेको छ। मिथिला महात्म्यमा हरिहर क्षेत्रबाट प्रारम्भ भई गण्डकी नदीको किनार हुँदै हिमालय क्षेत्र, कोशी नदी भएर पुनःहरिहर क्षेत्रमा समापन हुने बृहत् परिक्रमाको चर्चा गरिएको परिक्रमामा डोलीका अगुवाइ गर्ने सुन्दर सदनका महन्थ नबल बाबाले जानकारी दिनुभयो।

भारतको पटनास्थित गङ्गा नदीको तटमा हरिहर क्षेत्र अवस्थित छ तर, यो परिक्रमा अचेल सधुसन्तको सीमित सङ्ख्याले मात्र गर्ने गरेको छ। बृहत् माध्यमिकी र अन्तःगृह परिक्रमा मङ्सिर, माघ, फागुन र वैशाख महिनामा गर्नसक्ने वैदिक मान्यता भए पनि ती परिक्रमा फागुन महिनामै हुने परम्परा रहेको जानकी मन्दिरका छोटे महन्थ दासले बताउनुभयो।

जानकी मन्दिरका महन्थ दासका अनुसार केही दशकयता माध्यमिकी परिक्रमाको क्षेत्र र अवधि विस्तारित भए पनि जनकपुरस्थित रत्नसागर स्थानका स्व.महन्त बाबा नारायण दासजीले करिब डेढ सय वर्षपूर्व समयदेखि दुई सयसम्म साधुसन्तलाई लिएर वनजङ्गलको बाटो भएर माध्यमिकी परिक्रमालाई मिथिला महात्मयको निर्देशअनुसार प्रारम्भ गर्नुभएको बताइन्छ। त्यसलाई करिब ५० वर्षपछि स्थानीय सीताकुण्डका महन्त परमहंस सियालाल शरणले पाँच सय साधुसहित वाजागाजा सहित परिक्रमा गरेका थिए। पाँच सयको सानो संख्यालाई बढाएर २० हजार पुऱ्याई परिक्रमाको महत्व बढाउने तथा वैष्णव सम्प्रदायको प्रवर्द्धनमा महन्त परमंहसको उल्लेखनीय योगदान रहेको जानकी मन्दिरका महन्थ दासले बताउनुभयो।

माध्यमिकी परिक्रमामा करिब ६० वर्षअघिदेखि मिथिला महात्म्यको कथावाचन गर्ने मुख्य पण्डित रामदुलारी शरणजी महाराजले ७० वर्षसम्म उक्त भूमिका निर्वाह गरेर सो परिक्रमाको धार्मिकीकरण गर्नुभएको थियो। उहाँको निधनपछि मिथिला महात्मयको कथावाचन गर्ने काम उहाँका शिष्य सियाराघव शरणले गरिरहनुभएको छ।

**यस्तो छ परिक्रमा पथ**

पहिलो दिन फागुन औँसीका दिन जनकपुरबाट प्रारम्भ हुने परिक्रमाको पहिलो बिसौनी हनुमान नगर (कुवा) हो। जनकपुरधामबाट दुई किलोमिटर दक्षिणमा पर्ने यो ठाउँमा हनुमान, राम तथा जानकीका मूर्तिहरु भएको एक सय ६० वर्षअघि स्थापित मन्दिर छ। दोस्रो दिनको मेला लाग्ने कलाणेश्वर भारत उत्तर विहारको बासोपट्टी तथा उमाकुण्डको सानो बस्ती नजिकै छ। भव्य कुण्ड तथा विश्रामालयसमेत रहेको कलाणेश्वर (कलना) निकै आकर्षक एवं मनमोहक छ। भविष्यवेत्ताका रुपमा परिचित प्रसिद्ध सिद्धबाबा एक सय १० वर्ष बसेको ठाउँ पनि यही हो।

तेस्रो दिनको विश्रामस्थल गिरिजास्थान पनि भारतमै पर्छ। स्थानीयस्तरमा फूलहर नामले चिनिने यो ठाउँमा सीताजीले फूल टिपेर गिरिजा भगवतीको पूजा गरेको र त्यही क्रममा भगवान् रामसँग पहिलो देखादेख भएको जनविश्वास छ। गौरीशङ्कर, जानकी, गिरिजा भगवती र गणेशका मूर्तिहरु एवं कप्टहारिणी र शरसमीर पोखरीहरु भएको यो ठाउँबाट जमुनी नदी बगेको छ। चौथो दिन परिक्रमाका यात्रीहरु नेपालको मटिहानी आइपुग्छन्। महोत्तरीमा पर्ने मटिहानी पुरातात्विक महत्वका १२ वटा मन्दिर तथा आठ वटा पोखरी भएको घना बस्ती हो। नेपालमा संस्कृतको पढाइ हुने ठाउँका रुपमा परिचित मटिहानीमा एउटा पुरानो संस्कृत महाविद्यालय तथा मठहरु छन्।

यसैगरी पाँचौं दिन मिथिला परिक्रमाका यात्रीहरु यस दिन जलेश्वरनाथ महादेवको दर्शन गर्न महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर आइपुग्छन्। जलेश्वरनाथको मन्दिरको शिवलिङ्ग सधैंभरि जलमै डुबेको हुन्छ। छैटौं दिन यात्रीहरु जलेश्वरबाट मडई आइपुग्छन्। यहाँ मुनेश्वर महादेवको मन्दिर तथा दुई वटा आकर्षक पोखरी छन्। सातौं दिनको विश्रामस्थल ध्रुव कुण्ड हो। यहाँ ध्रुवजीको मन्दिर हुन्छ। आठौं दिन यात्रीहरुको गन्तव्य कञ्चनवन हरिणमरी तथा हरिशपुर नजिकै पर्छ। यहाँ सीतारामको मन्दिर छ।

त्यस्तै नवौं दिनको विश्रामस्थल रहेको पर्वतामा हनुमानजीको विहाल मन्दिर छ। पर्वता पुग्नुपूर्व भक्तजनले हरिहरपुरस्थित क्षीरेश्वरनाथ महादेवमा पूजाअर्चना गर्छन्। दसौं दिन यात्रीहरु धनुषाधाम आइपुग्छन्। सीताजीसँग स्वयम्बर हुनुअघि भगवान् रामले भाँचेको धनुषको एक टुक्रा यहाँ खसेको विश्वास गरिन्छ। यो ठाउँ धनुष दर्शनका लागि प्रख्यात छ। विवाह पञ्चमी तथा रामनवमीका बेला पनि ठूलो मेला लाग्ने धनुषाधामस्थित

*बाँकी तीन पृष्ठमा*

# ग्रामीण बस्ती सडक सन्जालमा जोड्दै

**लोकेन्द्रप्रसाद यादव**
गोलबजार (सिरहा), १६ फागुन (रासस)।

कुनैबेला साँघुरो सडक र सडकै छेउमा फुसको छाप्रो, त्यसभित्र ससाना पसल मात्रै देखिने सिरहाको लक्ष्मीपुरपतारी गाउँपालिकास्थित ग्रामीण बजारहरुको स्वरुप यतिबेला फेरिएको छ। सडक डिभिजन कार्यालय लहान सिरहाले सिरहा-सप्तरी-उदयपुरको ग्रामीण बस्तीका सडक निर्माणमा तदारुकता देखाएपछि गाउँहरु विकासको मूलधारमा जोडिन थालेका छन्।

बजारको स्वरुप फेरिएसँगै त्यस क्षेत्रका स्थानीयमा पहिलाको भन्दा बेग्लै खालको उत्साहसमेत देखिन थालिएको छ। "पहिला बजार क्षेत्रमा साँघुरो सडक र फुसको छाप्रो, त्यहीभित्र सानासाना व्यवयासी मात्र थियो", लक्ष्मीपुरपतारी गाउँपालिकाका श्याम यादव भन्नुहुन्छ, "तर अहिले सडक फराकिलोसँगै बजारमा ठूलठूला पक्की भवन र ठूला पसल खुल्न थालेका छन्।" कुनैबेला दुर्गम मानिने सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिकास्थित विद्यापति मार्गअन्तर्गत पर्ने छपरारी-पोखरभिण्डा-खुर्कियाही सडक छेउका बस्ती सुगम क्षेत्र बनेका छन्।

लक्ष्मीपुर पतारी गाउँपालिकालाई केही वर्षअघिसम्म दुर्गम क्षेत्रका रुपमा मानिथ्यो तर अहिले ती क्षेत्रले आफ्नो पुरानो पहिचान फेरेको छ। यतिबेला लक्ष्मीपुर पतारी क्षेत्र मधेस प्रदेशकै पर्यटकीय क्षेत्रका रुपमा विकास हुन थालेको छ। यसको प्रमुख कारण हो पूर्व-पश्चिम राजमार्गसम्म जोडिएको विद्यापति मार्ग सडकको कालोपत्र। पूर्व-पश्चिम राजमार्गलाई जोड्ने उत्तर दक्षिण ग्रामीण ती सडक कालोपत्र भएसँगै लक्ष्मीपुर पतारी क्षेत्रका स्थानीयवासीको अनुहारमा यतिबेला मुस्कान छाएको छ।

पूर्व-पश्चिम राजमार्गस्थित छपरारीदेखि भारतीय सिमानाका बहहरीसम्मको उक्त सडक स्तरोन्नतिसँगै सडक डिभिजन कार्यालय लहान सिरहाले सडक कालोपत्र गरेपछि स्थानीयलाई आवतजावतमा सहज मात्रै होइन, हिलो र धुलोबाट मुक्त भएका छन्। "छपरारी बजारदेखि बडहरीसम्मको पुग्न पहिला मोटरसाइकलमा डेढ घण्टासम्म लाग्दथ्यो", पोखरभिण्डा गाउँका स्थानीय सन्तोष साह भन्नुहुन्छ, "तर सडक कालोपत्र भएपछि अहिले मुस्किलले १५ मिनेटमै पुगिन्छ।"

सडक डिभिजन कार्यालय लहानले सिरहा, सप्तरी र उदयपुर जिल्लाका जीर्ण सडकको स्तरोन्नतिसँगै कालोपत्रको कार्य तीव्र रुपमा अघि बढेसँगै दुर्गम मानिएका ग्रामीण क्षेत्र अहिले सुगम क्षेत्र बन्दै गएको छ। सडकहरु निर्माण भएपछि विकासले गति लिनुका साथै हजारौं युवाले स्थानीयस्तरमै रोजगारीको अवसर प्राप्त गरेका छन्। "पहिला पहिला सडक जीर्ण हुदाँ सवारीसाधन त्यति नचल्दा गाउँमा उत्पादन भएको तरकारी सहज रुपमा लहान बजारसम्म पुऱ्याउन समस्या हुन्थ्यो", लक्ष्मीपुर पतारीका श्रवण महतो भन्नुहुन्छ, "तर अहिले थुप्रै सङ्ख्यामा अटो रिक्साहरु चल्न थालेपछि ती बालीहरु बजार पुऱ्याउन सकिरहेका छौं।" यसबाट किसानसमेत उत्साहित भएको उहाँको भनाइ छ।

वर्षौंदेखि जीर्ण रहेको सो सडक स्तरोन्नतिसँगै कालोपत्रको काम अन्तिम चरणमा पुगेको छ। रु १८ करोड ७४ लाख ९९ हजार नौको लागतमा २०७९ असार २३ मा ठेक्का सम्झौता गरी काम सुरु गरेको सिद्धबाबा अम्भुजा जेभी काठमाडौंले सडक स्तरोन्नति तथा कालोपत्रको काम गरिरहेको छ। विसं २०८२ असारसम्ममा उक्त सडकको काम सकिने समयावधि रहे पनि हालसम्म ९४ प्रतिशत काम सम्पन्न भइसकेको निर्माण कम्पनीका प्रतिनिधि सबइञ्जिनियर नरेशकुमार मण्डलको भनाइ छ। उहाँका अनुसार गाउँ क्षेत्रमा १२ मिटर चौडाइ र गाउँ बाहिर १० मिटर चौडाइ सडक स्तरोन्नति गरिहेको छ भने गाउँ क्षेत्रमा नालासमेत निर्माण गरिएको छ।

निर्माणाधीन विद्यापति मार्गको निर्माण कार्य अन्तिम चरणमा रहेको डिभिजन सडक कार्यालय लहानका प्रमुख डिभिजनल इञ्जिनियर आशुतोष कर्णले बताउनुभयो। प्रावधिक रुपमा केही भेरियसन गर्नुपर्ने भएकाले सडकको बाँकी कार्य छिट्टै अगाडि बढाइने उहाँको कथन छ। यस्तै सप्तरीको सुरुङ्गा नगरपालिका-७ कदमहा चोक हुँदै चकदह, प्रमाणपुर र वडा नं १० पटेर्वा चोकसम्म निर्माणाधीन सडकको काम पनि तीव्र रुपमा भइरहेको छ। कूल आठ किलोमिटर पाँच सय मिटर लामो सो सडकमा हालसम्म करिब पाँच किलोमिटर सडक कालोपत्र गर्ने चरणमा पुगेको डिभिजन सडक कार्यालय लहानले जनाएको छ।

गौरी पार्वती के एण्ड केजी जेभीले २०८१ मङ्सिर १७ गतेसम्म काम सक्नेगरी २०७९ मङ्सिर १८ मा ठेक्का सम्झौता गरेकामा रकम सुनिश्चित नगरिँदा केही ढिलाइ भए पनि अहिले काम तीव्र रुपमा भइरहेको निर्माण कम्पनीका प्रतिनिधि इञ्जिनियर भूपेन्द्र सिफैलया बताउनुहुन्छ। उहाँले थपिएको म्याद अघि नै काम सकिनेगरी निर्माणको काम अघि बढेको बताउनुभयो।

बलान नदीको छेउबाट निर्माण भइरहेको सो सडकले आवागमनमा सहजता मात्र नभई बलान नदीले बर्सेनि गर्दै आएको कटान र डुबानको समस्यासमेत समाधान हुने स्थानीयको बुझाइ छ। "हाम्रा लागि यो बाटो अत्यन्तै महत्वपूर्ण र वरदान नै बनेको छ", बैरवनका स्थानीय जिवछ यादव भन्नुहुन्छ, "सडक निर्माण भएपछि गाडी गुडाउन पनि सहज हुन्छ र वर्षायाम बलान नदीले गर्ने कटान र डुबानबाटसमेत बचाउँछ, यो हाम्रा लागि ठूलो उपलब्धि हो", उहाँले भन्नुभयो। कूल रु २७ करोड आठ लाख १६ हजारको लागतमा निर्माण भइरहेको यस सडकको भौतिक प्रगति ३३ प्रतिशत रहेको निर्माण कम्पनीका प्रतिनिधि विश्व सुवेदीको भनाइ छ।

यस्तै उदयपुरको पुरानो सडकसँग सप्तरी लोकमार्ग दूरी छोटचाउन २०२५ सालमा ट्याक खोलिएको मोतीगढा-जोगीदह खण्ड निर्माणको कामले पनि तीव्रता पाएको छ। करिब १२ किलोमिटरको सो सडकलाई पनि कालोपत्र गर्ने गरी काम अघि बढेको डिभिजन सडक कार्यालय लहानका प्रमुख कर्ण बताउनुहुन्छ। कर्णका अनुसार नेपाल सरकारको निर्वाचन क्षेत्र रणनीतिक सडक योजनाअन्तर्गत सङ्घीय संसद्को एउटा निर्वाचन क्षेत्रमा कम्तीमा २५ र बढीमा ४० करोड रुपैयाँसम्मको लागतमा सडकहरु निर्माण भइरहेको छ।

ती योजनाअन्तर्गत उदयपुरको निर्वाचन क्षेत्र नम्बर १ मा पर्ने सदरमुकाम गाइघाट जोड्ने जिल्लाकै पुरानो सडक मोतीगढा-जोगीदह खण्डमा कालोपत्र गर्न लागिएको छ। दुई लेनको सडक कालोपत्र गर्नेगरी रु २८ करोड ४३ लाख ४६ हजारमा ठेक्का सम्झौता गरी धमाधम काम गरिरहेको छ। आवश्यकपर्ने रकम सुनिश्चित नगरिँदा त्रियुगा नगरपालिका वडा नं १, २ र ३ तथा चौदण्डीगढी नगरपालिका-१०, ९, २, ५ को सुन्दरपुर हुँदै सप्तरीको फत्तेपुर जोड्ने ३० किलोमिटर सडकअन्तर्गत मोतीगढा-जोगीदह-रुपनीसम्मको करिब १२ किलोमिटरको सडक आव २०८१/८२ को अन्त्यसम्ममा

*बाँकी अन्तिम पृष्ठमा*

***संसारकै लामो ...***

पोखरी, वाणगङ्गा नदी एवं उत्तरपट्टी करिब पाँच सय बिघामा फैलिएको घना वन क्षेत्रको यो ठाउँलाई विशेष रमणीय बनाएको छ। यहाँ माघ महिनाको प्रत्येक आइतबार मकर मेला लाग्छ।

यसैगरी यात्रीहरुको एघारौं दिनको गन्तव्य सतोषर हो। राममन्दिर र पोखरी रहेको यो ठाउँमा असार-साउन महिनामा बोलबम तथा झूला पर्व पनि मनाइन्छ। यात्रीहरुको बाह्रौं दिनको गन्तव्य औरही हो। जनकपुर जयनगर रेल्वेको तेस्रो विसौनी वैदेही नजिकै रहेको औरहीमा भक्तजन कमला नदीमा स्नान गरी रामजानकी मन्दिरको दर्शन गर्छन्।

तेह्रौं दिन भारतको विशौल परिक्रमा गर्दछन् भने भोलिपल्ट यात्रीहरु करुणा भन्ने स्थानमा आइपुग्छन्। यो कलाणेश्वर नजिकै छ। अन्तिम पन्ध्रौं दिन परिक्रमाका यात्रीहरु जनकपुर आइपुग्छन्। फागुपूर्णिमाको सन्ध्यामा जनकपुरमा विश्राम गरी पूर्णिमाको बिहानै जनकपुरको पञ्चकोसी परिक्रमापछि श्रद्धालुहरु जानकी मन्दिरलगायत अन्य मठमन्दिरहरुमा दर्शन, पूजन गरी घर फर्कन्छन्। माध्यमिकी परिक्रमा क्षेत्रको अधिकांश भूभाग नेपालमा पर्ने गर्छ। परिक्रमामा सहभागी हजारौं यात्रु र सो अवसरमा डोला विश्राम गर्ने मेलामा सहभागी लाखौं श्रद्धालु भक्तजनको भीडलाई व्यवस्थित तथा नियन्त्रण गर्न सरकारी र गैरसरकारी सामाजिक संस्थाहरु खटिएका हुन्छन्।

# डाक्टर भन्नाले "गिरी-नागा-योगी" लाई सम्झनु पर्छ

डाक्टर भन्नाले नेपाल कम्युनिष्ट पार्टीका डा. केशरजङ्ग राय माझीको सम्झना आउँदछ। जसले नेपालमा राजासहितका वामपन्थी साम्य सरकार व्यवस्थाका पक्षधर थिए।

डाक्टर भन्दा हाम्रै सप्तरीका तीन जना डाक्टरहरुका त्रिमुर्तिहरुको पनि स्मृति छ। ती हुन डा. तुलसी गिरी, डा. नागेश्वर प्रसाद संह र डा. योगेन्द्र झा।

यीनीहरुका क्रियास्थल सप्तरी रहेपनि प्रभाव देशभरी थियो। त्यति खेर सिरहा, सुनसरीको पश्चिमी हिस्सा र हाल सप्तरी एउटै जिल्ला थिए। यी त्रिमुर्तिहरुलाई उनको उमेरका साथी भाईहरुले गिरी-नागा-योगीका संयोग भन्दथे। यी



**बुजेन्द्र प्रसाद सिंह यादव**
बोदेवरसाईन ५, सप्तरी

व्यक्तित्वहरु नै बि.स. २०१७ सालमा निर्दलीय पञ्चायती व्यवस्थाका प्रादुर्भाव गराएका जनमानसमा व्याप्त छ।

समय-समयको कुरा हो, समय व्यक्तिहरुलाई नायक बनाउँदछ भने समय नै खलनायकको रुपमा प्रस्तुत गर्दछ। आज जे होस्, उनीहरुले थालनी गरेका राजनैतिक व्यवस्था तीस वर्ष सम्म खेपे। यि त्रिमूर्ति डाक्टर साहेवहरु विद्यावारिधी थिएनन् यिनीहरु चिकित्सा शास्त्रका स्नातक थिए। जस्तो भएपनि पंचायतकालिन विगत सित यीनका स्मृति राजनीतिमा रहनेछ।

हाल त, राजनीतिमा कति न कति नेताहरु छन्, धेरै जसोका नाउ उल्लेख गरी नै सकेको रहेछ। वर्तमान आवश्यकता छ छानबिन गरी गलत/नक्कली डाक्टरहरुलाई यकिन गरी किनारा लगाउनु, बरु ऐन बमोजिम सजाय/जरीवाना गर्नु/गलत ढंगले जनमानसलाई भ्रमाणु हुँदैन। यस्तो गर्नु भएन। यो किर्ते हो। जाल-फरेब हो।

## विश्व समाचार

# मार्चदेखि चीनलाई थप १० प्रतिशत कर लगाउने ट्रम्पको घोषणा

वासिङ्टन, १६ फागुन (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार चीनबाट आयात हुने सामानमा १० प्रतिशत थप शुल्क लगाउने घोषणा गर्नुभएको छ। साथै उहाँले 'अस्वीकार्य' लागूपदार्थ तस्करीका कारण देखाउँदै क्यानाडा र मेक्सिकोमाथि आगामी हप्ता शुल्क लगाउने योजना अघि बढाउने बताउनुभएको छ। विश्वभरका अघिल्लो दिनको नोक्सानीलाई पछ्याउँदै शुक्रबार एसियामा खुल्ने बजारहरूमा रिपब्लिकन राष्ट्रपति ट्रम्पको यो पछिल्लो टिप्पणीले विश्वव्यापी व्यापार युद्धको डर फैलाएको छ। अवैध आप्रवासन र घातक फेन्टानिललाई लिएर ट्रम्पले यस महिना क्यानाडा र मेक्सिकोको आयातमा २५ प्रतिशत कर लगाउने घोषणा गर्नुभएको थियो। तर एक महिना लामो विश्राम मङ्गलबार समाप्त हुँदैछ। अर्को हप्ता शुल्कमा अगाडि बढ्ने योजना छ कि छैन भन्ने पत्रकारहरूको प्रश्नपछि ट्रम्पले बिहीबार सामाजिक सञ्जालमा जबसम्म फेन्टानिलको समस्या बन्द हुँदैन 'वा गम्भीर रूपमा सीमित हुँदैन' प्रस्तावित शुल्कहरू निर्धारित रूपमा हुने लेख्नुभएको छ। "चीनलाई पनि त्यही मितिमा १० प्रतिशत थप शुल्क लगाइनेछ", उहाँले मार्च ४ को सन्दर्भमा भन्नुभयो। यस महिनाको सुरुमा ट्रम्पले चीनबाट आयात हुने सामानमा १० प्रतिशत शुल्क वृद्धि गर्नुभयो। यसबाट बेइजिङलाई जवाफी कारबाही गर्न उत्प्रेरित गऱ्यो। एक अमेरिकी अधिकारीले फेन्टानिलका कारण लगाइएको अवस्थित शुल्कमा नयाँ १० प्रतिशत शुल्क थपिएको पुष्टि गर्दै लागूपदार्थ मामिलामा 'अपर्याप्त प्रगति' भएको बताएका छन्। फेन्टानिल मुद्दालाई सम्बोधन गर्न वासिङ्टनले तीनवटै देशविरुद्ध कारबाही गर्नुपर्ने अधिकारीले बताए। चिनियाँ वाणिज्यमन्त्री वाङ वेन्ताओले बिहीबार वासिङ्टनको अघिल्लो १० प्रतिशत शुल्कप्रति चिन्ता व्यक्त गर्नुभयो।

"चीन यसको दृढतापूर्वक विरोध गर्दछ र सम्बन्धित जवाफी कदमहरू चालेको छ", नवनियुक्त अमेरिकी व्यापार प्रतिनिधि (युएसटिआर) जेमिसन ग्रिरलाई लेखेको पत्रमा वाङले भन्नुभयो। ट्रम्पको खतराबाट आफ्नो अर्थतन्त्रलाई जोगाउने योजना बनाउन चिनियाँ नेतृत्वको बैठक अर्को हप्ता बस्ने भएको छ। मेक्सिकोकी राष्ट्रपति क्लाउडिया सेनबामले बिहीबार ट्रम्पको धम्की शुल्कबाट बच्न उहाँसँग कुरा गर्ने आशा गरेको बताउनुभयो। एक उच्चस्तरीय मेक्सिकाली प्रतिनिधिमण्डल सम्झौताको खोजीमा वासिङ्टनमा छ। साथै क्यानाडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले अधिकारीहरूले अमेरिकी करहरू रोक्न चौबीसै घण्टा काम गरिरहेको तर अर्को हप्ता उपायहरू लागु भएमा 'तत्काल' प्रतिक्रिया हुने बताउनुभयो। संयुक्त राज्य अमेरिकामा प्रवेश गर्ने फेन्टानिल र कागजातविहीन आप्रवासीहरूको एक प्रतिशतभन्दा कम क्यानाडाको सीमाबाट आउने कुरामा ट्रुडोले बारम्बार जोड दिनुभएको छ। ट्रम्पको धम्कीले प्रमुख निर्यातक देशहरूमा कम्पन पैदा गरेको छ। टोकियोमा केही समयका लागि तीन प्रतिशतको गिरावटसँगै शुक्रबारको सुरुमा एसियाली बजारहरू रातो रङमा थिए।

# भारतको अशान्त मणिपुर राज्यमा मिलिसिया लडाकूहरूद्वारा लुटिएका हतियारहरू समर्पण

नयाँदिल्ली, १६ फागुन (रासस/एएफपी)।

भारतको द्वन्द्वग्रस्त मणिपुर राज्यलाई नयाँदिल्लीको प्रत्यक्ष शासनअन्तर्गत राखिएको केही दिनपछि प्रतिद्वन्द्वी जातीय समूहहरूका मिलिसिया लडाकूहरूले सुरक्षा बलहरूबाट लुटिएका दर्जनौं बन्दुकहरू र अन्य उपकरणहरू समर्पण गरेको प्रहरीले शुक्रबार बताएको छ। मणिपुर सन् २०२३ मेमा मुख्यतः हिन्दू मेइतेई बहुसङ्ख्यक र मुख्यतः क्रिश्चियन कुकी समुदायबीच भएको घातक हिंसा फैलिएपछि जातीय रेखाहरूमा विभाजित भएको छ। भारतको युद्धग्रस्त म्यानमारसँगको सीमामा रहेको यस उत्तरपूर्वी राज्यमा कम्तीमा दुई सय ६० जनाको मृत्यु भएको छ र दशौं हजार मानिस आफ्ना घरबाट भागेका छन्। प्रधानमन्त्री नरेन्द्र मोदीको हिन्दू राष्ट्रवादी भारतीय जनता पार्टी (भाजपा) का मुख्यमन्त्री एन बीरेन सिंहले आफ्नो सरकारले हिंसा रोक्न पर्याप्त काम नगरेको भन्दै आलोचना भएपछि यस महिना राजीनामा दिनुभएको थियो। समुदायिक समूहहरूले उहाँको राजीनामा र त्यसपछि नयाँदिल्लीद्वारा प्रत्यक्ष शासन लागू गरिएकोमा स्वागत गरे र यसले पारस्परिक शङ्काहरू र राज्य अधिकारीहरूद्वारा पक्षपातको प्रतिद्वन्द्वी जातीय समूहहरूका आरोपहरू अन्त्य गर्नेछ भन्ने आशा गरे।

मणिपुर प्रहरीले शुक्रबार एक्समा शृङ्खलाबद्ध पोस्टहरूमा राज्यभरका जातीय मिलिसियाहरूले समर्पण गरेको ह्यान्ड ग्रेनेड, पेस्तोल, राइफल, हेलमेट, बुलेटप्रुफ ज्याकेट र गोलाबारुदका फोटोहरू साझा गरेको छ। गत हप्तामा कम्तीमा तीन सय सात हतियार हस्तान्तरण गरिएको प्रहरीले एक विज्ञप्तिमा जनाएको छ। "लुटिएका र गैरकानूनी रूपमा राखिएका हतियार र गोलीगट्ठा समर्पण गर्न अनुरोधले सकारात्मक प्रतिक्रिया प्राप्त गरेको छ", विज्ञप्तिमा भनिएको छ, "हतियारको यस्तो स्वेच्छिक समर्पणले मणिपुर राज्यमा शान्ति, साम्प्रदायिक सद्भाव र कानूनको पुनःस्थापनामा महत्त्वपूर्ण मद्दत गर्नेछ।" हतियार त्याग्नेहरूलाई आपराधिक अभियोग नलगाइने प्रहरीले बताएको छ। मेइतेई र कुकी समुदायहरू बीच लामो समयदेखि चलिरहेको तनाव भूमि र सार्वजनिक रोजगारीका लागि प्रतिस्पर्धाको वरिपरि घुम्छन्। अधिकारकर्मीहरूले स्थानीय नेताहरूलाई राजनीतिक लाभका लागि जातीय विभाजनहरू बढाएको आरोप लगाएका छन्। सरकारी तथ्याङ्कअनुसार हिंसाको प्रकोप हुँदा मणिपुरमा महिनौंसम्म इन्टरनेट सेवा बन्द गरिएको थियो र यसबाट लगभग ६० हजार मानिस आफ्नो घरबाट विस्थापित भएका थिए। निरन्तर तनावका कारण राज्यका हजारौं बासिन्दा अझै पनि घर फर्केका छैनन्।

# क्यान्सर प्रभावित पत्रकारलाई उपचारका लागि सहयोगको अह्वान

चितवन, १६ फागुन (रासस)।

पत्रकार सङ्गीता बानियाँको उपचारका लागि सहयोग गर्न परिवारले आह्वान गरेको छ। पश्चिम चितवनको रेडियो शिवशक्तिमा कार्यरत बानियाँ लामो समयदेखि क्यान्सर रोगबाट प्रभावित हुनुहुन्छ।

उहाँको उपचारका लागि आर्थिक अभाव हुँदै गएपछि उपचारमा सहयोग गरिदिन परिवारले आग्रह गरेको हो। नेपाल पत्रकार महासङ्घ चितवन शाखा सदस्य बानियाँलाई सुरुआतमा स्तन क्यान्सर देखिएको थियो। उक्त क्यान्सर पूर्ण रुपमा निको भए पनि पुनः मस्तिष्कमा क्यान्सर देखिएको बानियाँले बताउनुभयो।

अहिले चितवन मेडिकल कलेजको क्यान्सर वार्डमा उपचाररत बानियाँले आफ्नो उपचारका क्रममा चल-अचल सम्पत्ति बेचबिखन गरिएको र ऋण काढेर उपचार गर्दागर्दै पनि थप उपचारका निम्ति रकमको अभावका कारण आफ्नो जीवन बचाएर नाबालिका छोरीलाई टुहुरी हुनबाट जोगाइदिन सबैमा आग्रह गर्नुभएको छ।

हाल वैदेशिक रोजगारका क्रममा रहेका श्रीमान् र एक नाबालिका छोरीसँगै सामान्य जीवनयापन गरिरहेको उहाँको परिवारसँग थप उपचारका लागि रकम अभाव भएको हो। भरतपुर महानगरपालिका वडा नम्बर १४ घर भएकी बानियाँको परिवार र माइतको आर्थिक अवस्था कमजोर रहेको छ।

बानियाँको उपचारका लागि यसअघि रु ४० लाख खर्च भइसकेको छ भने मस्तिष्क क्यान्सर उपचारमा थप रु ४० लाख लाग्ने चिकित्सकले जनाएको उहाँले बताउनुभयो। थप उपचारका लागि भारत जानुपर्ने भएकाले आर्थिक अभावका कारण जान नसकेको बानियाँले बताउनुभयो। उहाँले भन्नुभयो, "उपचारका लागि आर्थिक अभाव भयो। उपचार गर्न पाए बाँच्न सक्थे भन्ने आत्मविश्वासका साथ उपचार गराइरहेकी छु।"

# जनकपुर भन्सारद्वारा २४ करोड ७३ लाख राजश्व सङ्कलन

जनकपुरधाम, १६ फागुन (रासस)।

जनकपुर भन्सार कार्यालयले चालू आर्थिक वर्ष २०८१/८२ को हालसम्ममा रु २४ करोड ७३ लाख ६९ हजार राजस्व सङ्कलन गरेको छ।

कार्यालयको रु ५७ करोड सात लाख १७ हजार राजस्व सङ्कलन गर्ने वार्षिक लक्ष्य रहेको छ। चालू आवको वार्षिक राजस्व लक्ष्यको तुलनामा हालसम्ममा ४३ प्रतिशत मात्र राजस्व सङ्कलन भएको कार्यालयका भन्सार अधिकृत रविन्सलाल दासले जानकारी दिनुभयो। उहाँका अनुसार चालू आवको साउन महिनामा ७७ दशमलव ७८ प्रतिशत, भदौमा ५६, असोजमा ७७ दशमलव ४५, कात्तिकमा ६८ दशमलव ७१, मङ्सिरमा ७६ दशमलव ६०, पुसमा ८६ दशमलव ३१, माघमा ७९ दशमलव ६५ तथा फागुन १५ गतेसम्ममा २५ दशमलव ७९ प्रतिशत राजस्व सङ्कलन भएको छ।

उक्त भन्सारअन्तर्गत जटही नाकाबाट अर्धतयारी कपडा, हार्डवेयर सामग्री, टायल्स, ग्रेनाइट, कोइला, कृषिउपज, कृषिका लागि विषादी, खाद्यान्न, तरकारी एवं फलफूल, खेलकुद सामग्री, स्टेशनरी, विभिन्न उद्योगका कच्चापदार्थ, घरायसीलगायत सामग्री आयात भएको भन्सार अधिकृत दासले बताउनुभयो।

उक्त भन्सार कार्यालयअन्तर्गत इनरुवा, मैनाथपुर तथा भडडीया छोटी भन्सार कार्यालयसमेत रहका छन्। ती कार्यालयलाई रु पाँच हजारसम्मको भन्सार राजस्व लिने अधिकार रहेको छ। राजस्व सङ्कलन लक्ष्यको तुलनामा कमी हुनुका मुख्य कारण चोरी तस्करी नियन्त्रण नहुनु, आर्थिक मन्दीलगायत रहेको छ।

# हुरीबतासबाट लाखौंको केराखेतीमा क्षति, किसान निरास

इनरूवा (सुनसरी), १६ फागुन (रासस)।

सुनसरी भोक्राहा नरसिंह गाउँपालिका-२ का जब्बार मियाँले भोक्राहा र इनरूवा-८ डुम्रहाको बडकुलवामा १४ बिघा क्षेत्रफलमा सामूहिक केराखेती गर्नुभएको छ। करिब रू ५० लाखको लागतमा जनमजदुर, खाद्यमल, बीउको अभावलगायत समस्याको बाबजुद केराखेती गर्नुभएको हो। नगदेबाली केराखेतीबाट राम्रो आम्दानी हुनेमा मियाँ निश्चिन्त हुनुहुन्थ्यो।

मियाँ जस्तै खुर्सीद अन्सारीले दुई बिघामा केराखेती गर्नुभएको छ। रू नौ लाख लागतमा उहाँले केराखेती गर्नुभएको थियो। उहाँ पनि लगानीसहित नाफा लिने विश्वासका साथ केराको रेखदेख गर्दै हुनुहुन्थ्यो।

तर केही दिनअघिको हुरीबतासले केराखेतीमा क्षति पुऱ्याँदा उहाँहरू निरास हुनुभएको छ। केराखेतीमा गरिएको लगानीअनुसार प्रतिफल आउने निश्चिन्त भए पनि असिनापानीसँगै आएको हावाहुरीले केराखेतीमा ठूलो क्षति भएको उहाँहरूले जानकारी दिनुभयो।

उहाँ दुवै जना सुनसरीका लागि उदाहरणको पात्रमात्र हुनुहुन्छ। दुई दिन लगातार असिनापानीसँगै आएको हुरीबतासका कारणले सुनसरीका अधिकांश किसानको केराखेतीमा क्षति भएको कृषि ज्ञान केन्द्र इनरूवा सुनसरीले जनाएको छ।

गत आइतबार राति र सोमबार साँझको हुरीबतासले खेतमा लगाएको केराको बोट ढलेर ठूलो क्षति भएको छ। स्थानीय किसानले ऋण लिएर गरेको केराखेतीमा एकैपटक यस्तो ठूलो हावाहुरी आएकाले लाखौंको लगानी डुबाउनेगरी क्षति भएको गुनासो स्थानीय किसानले गरेका छन्।

सुनसरी सदरमुकाम इनरूवासहित दक्षिणवर्ती क्षेत्रमा पटक-पटक आएको ठूलो हुरीले केराखेतीसहित गहुँ र मकैखेतीमा पनि क्षति भएको स्थानीय किसानले बताएका छन्। इनरूवासहित, गढी गाउँपालिका, भोक्राहा नरसिंह, हरिनगर र देवनागञ्ज क्षेत्रका केरा बगानका लगभग सबै केराका बोट ढलेकाले क्षति भएको स्थानीय किसान जब्बर मियाँले बताउनुभयो।

दुई महिनापछि बजार लान मिल्ने अवस्थामा रहेका केरा ढलेर नोक्सान हुँदा किसानको आर्थिक क्षति भएको इनरूवा केरा पकेट समितिका अध्यक्ष हरि मेहताले बताउनुभयो। इनरूवामा मात्रै सय बिघा क्षेत्रफलमा केराखेती भइरहेकामा अधिकांश केरालाई हुरीबतासले नोक्सान गरेको उहाँले बताउनुभयो। करिब रू एक करोड बराबरको केराखेती ढलेर नोक्सान भएको मेहताले बताउनुभयो।

एकातिर फल्न लागेको केरामा क्षति अर्कातिर ढलेका बोट हटाएर नयाँ केरा लगाउन जमिन तयार गर्न नै अब प्रतिबिघा लाखौं खर्च गर्नुपर्ने किसानको भनाइ छ। हुरीबतासले केराखेतीमा अहिलेसम्मकै ठूलो नोक्सानी भएको किसान श्यामकुमार यादवले दाबी गर्नुभयो। सुनसरीमा वार्षिक रूपमा पाँच सय २० हेक्टर अर्थात् एक हजार बिघामा केराखेती हुँदै आएको कृषि ज्ञान केन्द्रका प्रमुख निलकमल सिंहले जानकारी दिनुभयो।

# न्यून प्रस्ताव परेपछि समपूरक र विशेष अनुदान माग गर्ने समयावधि थप

काठमाडौँ, १६ फागुन (रासस)।

राष्ट्रिय योजना आयोगले आगामी आर्थिक वर्ष २०८२/८३ मा सङ्घीय समपूरक र विशेष अनुदानअन्तर्गत कार्यान्वयन हुने आयोजना र कार्यक्रमको प्रस्ताव पेस गर्ने समयावधि थपेको छ। यी शीर्षकअन्तर्गत अनुदान लिनका लागि प्रदेश र स्थानीय तहले फागुन मसान्तसम्म प्रस्ताव हाल्न सक्ने आयोगले जनाएको छ।

यसअघि आयोगले सबै प्रदेश र स्थानीय तहलाई परिपत्र गर्दै समपूरक र विशेष अनुदान लिन फागुन १५ गतेभित्र प्रस्ताव पेस गरिसक्न भनेको थियो। तर सो अवधिमा अपेक्षाभन्दा न्यून प्रस्ताव परेपछि समयावधि थप्नुपरेको आयोगले जनाएको छ।

"जति सङ्ख्यामा सहभागिता देखिनुपर्थ्यो त्यो देखिएन। पालिका मात्र नभएर प्रदेशहरुबाट पनि अपेक्षित रुपमा प्रस्ताव आएनन्। यहिकारण समयावधि बढाएको हो", आयोगका प्रवक्ता हरिशरण पुडासैनीले राससससँग भन्नुभयो।

अघिल्ला वर्षहरुमा आयोगले समपूरक र विशेष अनुदानका लागि पुस मसान्तभित्र प्रस्ताव माग गरिसक्थ्यो। तर यसपटक समपूरक र विशेष अनुदानसम्बन्धी कार्यविधि संशोधनमा ढिलाई हुँदा योजना तथा कार्यक्रमको प्रस्ताव माग गर्ने समयावधि करिब डेढ महिना पर धकेलिएको हो।

समपूरक अनुदानमा सङ्घले ५० प्रतिशत योगदान गर्ने र बाँकी ५० प्रतिशत सम्बन्धित प्रदेश तथा स्थानीय तहले व्यहोर्ने यसअघिको व्यवस्था संशोधन गरी पालिकाहरुको वर्गीकरणका आधारमा २० देखि ८० प्रतिशतसम्म व्यहोर्नुपर्ने व्यवस्था ल्याइएको छ।

विशेष अनुदानसम्बन्धी कार्यविधि, २०८१ ले यो शीर्षकमा अनुदान दिँदा योजना तथा कार्यक्रमको लागत तोकेको छ। गाउँपालिका वा नगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना वा कार्यक्रममा रू २५ लाखदेखि रू तीन करोड लागत हुनुपर्नेछ। त्यस्तै, उपमहानगरपालिका र महानगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको लागत अनुमान न्यूनतम रू २५ लाखदेखि अधिकतम रू पाँच करोडसम्म तोकिएको छ।

सङ्घीय विशेष अनुदानअन्तर्गत प्रदेश सरकारबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमका लागि कुल लागत अनुमान रू पाँच करोड देखि रू १० करोड तोकिएको छ। विशेष अनुदानअन्तर्गतका पूर्वाधार आयोजना तीन वर्षभित्र र अन्य कार्यक्रम सालबसाली रुपमा सम्पन्न गरिसक्नुपर्ने कार्यविधिमा उल्लेख छ।

त्यस्तै, समपूरक अनुदानसम्बन्धी कार्यविधि, २०८१ अनुसार गाउँपालिका वा नगरपालिकाले रू एक करोडदेखि रू सात करोडसम्मको लागतको आयोजना तथा कार्यक्रमका लागि सङ्घ सरकारसँग अनुदान माग गर्न सक्छन्। त्यस्तै, उपमहानगरपालिका र महानगरपालिकाले रू तीन करोडदेखि रू १५ करोड र प्रदेशले रू १० करोडदेखि रू तीस करोडसम्मका आयोजनाका लागि प्रस्ताव हाल्न सक्छन्।

प्रदेश र स्थानीय तहले अनलाइन प्रणालीबाट मात्रै समपूरक र विशेष अनुदानसम्बन्धी प्रस्ताव हाल्न पाउँछन्। त्यस्तै, यस्ता आयोजना तथा कार्यक्रममा अनुदान लिनका लागि प्रस्ताव पेस गर्दा कार्यविधिले तोकेको प्रक्रिया र कागजातहरु अनिवार्य गरेको आयोगले जनाएको छ।

कार्यविधिअनुसार यी शीर्षकमा अनुदान लिनका लागि आयोजनाको सम्भाव्यता अध्ययन, ड्इङ, डिजाइन, स्पेसिफिकेसनसहितको विस्तृत विवरणको लागत अनुमान पेस गर्नुपर्ने हुन्छ। त्यस्तै, वातावरणीय अध्ययन प्रतिवेदनलगायतका कागजात चाहिन्छन्। अनुदान माग गर्नका लागि स्थानीय तहको हकमा सम्बन्धित कार्यपालिकाको निर्णय र प्रदेशको हकमा सम्बन्धित प्रदेश योजना आयोगको सिफारिसमा प्रदेश सरकारको मन्त्रिपरिषद्ले निर्णय गरेको हुनुपर्ने व्यवस्था कार्यविधिमा राखिएको छ।

### पूर्वप्रधानमन्त्री ...

कारण नगरवासी पुस्तौंदेखि पिडित रहँदै आएको उल्लेख छ। हाल चरणबद्ध आन्दोलनमा रहेको संघर्ष समितिले आफ्ना सात बुँदे माग र एक महिने लामो आन्दोलन कार्यक्रमको विवरण सहित बुझाएको अनुरोध पत्रमा आवश्यक पहल र सहयोगका लागि अनुरोध गरिएको छ।

अनुरोध पत्र बुझ्दै अध्यक्ष प्रचण्डले राजविराज नगरवासीको जायज माग पुरा गराउन आफुले आवश्यक पहल र सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्।

### छिमेकीद्वारा पाँच ...

उनले छोरा जस्तो मानेको व्यक्तिबाट यस्तो घृणित काम भएको भन्दै अविलम्ब पक्राउ गरी कडा कारवाही हुनुपर्नेमा माग गर्दै प्रहरीमा उजुरी दिएकी छिन्। प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले उक्त घटनाका आरोपित कुदुसको खोजिकार्य भइरहेको जानकारी दिएका छन्।

### ग्रामीण बस्ती ...

सम्पन्न गर्ने लक्ष्य पूरा हुन नसकेको निर्माण व्यवसायी मनिकुमार दाहालले बताउनुभयो। उक्त सडकलाई दुई लेनको बनाएर कालोपत्र गर्नेगरी अघिल्लो आवमा अर्थिक वर्ष काम वर्ष सुरु गरेको थियो।

डिभिजन सडक कार्यालय लहानका इञ्जिनियर सञ्जीव साहका अनुसार सडक स्तरोन्नतिसँगै चौडा पार्ने र दायाँबायाँ नाली निर्माण, ठूला सानागरी २२ वटा कल्भर्ट निर्माण सम्पन्न भई नाला निर्माण गर्नेलगायत काम भइरहेको छ। करिब रु २५ करोडभन्दा बढी लागत अनुमान रहेको सो योजनामा सरकारले चालु आवमा रु अढाइ करोड मात्र बजेट उपलब्ध गराएको छ।

# विचाराधीन विधेयक फिर्ता नलिइकन अध्यादेश ल्याउन पाइँदैन : अध्यक्ष नेपाल




काठमाडौँ, १६ फागुन (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले संसदीय समितिमा विचाराधीन विधेयक फिर्ता नलिइकन सरकारले 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश' ल्याउन नपाउने बताउनुभएको छ। भूमिसम्बन्धी अध्यादेश समस्या समाधान गर्नेभन्दा पनि आफ्नाहरूलाई पोस्नका लागि ल्याएको उहाँको आरोप छ।

जनता समाजवादी पार्टी, नेपालले यहाँ शुक्रबार आयोजना गरेको 'भूमिसम्बन्धी अध्यादेश' विषयक अन्तरक्रियामा अध्यक्ष नेपालले भन्नुभयो, "सरकार कानुन र विधिसम्मत ढङ्गबाट चल्नुपर्छ", भन्नुभयो। उहाँले भन्नुभयो, "सरकारले सही उद्देश्यले अध्यादेश ल्याइएको भनेर आश गर्ने ठाउँ छैन।"

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*